# महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रोजगार शाखा

गैडाबाज ,दैलेख
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या:०८१/८२
~~चलानी नम्बर:~~ सूचना ९८

*Email:pmep.mahaburm@gmail.com*
*Mobile: ९८५८०७५८५५/९८२४५७५८५५*


मिति : २०८१/०७/०७

## वैदेशिक रोजगार बोर्ड सचिवालयबाट प्रदान गरिने कल्याणकारी सेवा सम्बन्धि जरुरि सूचना:

नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्डको सचिवालयले बोर्ड बाट प्रदान गरिने कल्याणकारी सेवा सम्बन्धि निवेदन स्थानीय तह मार्फत समेत दिन सकिने व्यवस्था गरे अनुसार यस महाबु गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्र मार्फत विविध सेवा सम्बन्धि निवेदनहरु दिन सकिने व्यहोरा जानकारीको लागि अनुरोध छ।
उल्लेखित सेवाहरु प्राप्त गर्नका लागि अनिबार्य रुपमा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएको हुनु पर्नेछ।

### वैदेशिक रोजगार बोर्ड बाट प्रदान गरिने कल्याणकारी सेवाहरु:

१) मृतकको शव नेपाल झिकाउने।
२) विमानस्थल बाट घर सम्म शव ढुवानी।
३) मृतक कामदारको नजिकको हकवालालाई आर्थिक सहायता।
४) कामदार बिरामी वा अंगभंग भएमा आर्थिक सहायता।
५) कामदारको परिवारका सदस्यलाई अल्जाइमर, मृगौला फेल,क्यान्सर,पार्किन्सन,मुटु सम्बन्धि रोग लागेमा औषधि उपचार।
६) कामदारका छोरा/छोरिलाई छात्रवृति सहायता।
७) कामदारको उद्दार तथा खोजतलास।
८) कामदारको कानुनि प्रतिरक्षा।
९) शुल्क सोधभर्ना (महिला कामदारको लागि मात्र)।
१०)टेलिमेडिसिन सेवा।

२०८१/७/७
उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

### सेवा सम्बन्धि आवश्यक प्रक्रिया र कागजातहरु :

#### मृतकको शव नेपाल झिकाउन

**प्रक्रिया**

- बोर्ड सचिवालय, स्थानीय तह वा सूचना तथा परामर्श केन्द्र मध्ये आफूलाई पायक पर्ने कार्यालयमा गई तोकिएको ढाँचामा निवेदन दिने।
- निवेदन प्राप्त भएपछि बोर्ड सचिवालयले सम्बन्धित देशमा रहेको दूतावास/ निकायसंग समन्वय गरि शव नेपाल ल्याउन पहल गर्न गर्ने छ।

**आवश्यक कागजातहरु**

- निवेदन।
- निवेदकको नागरिकताको प्रतिलिपि/परिचय खुल्ने कागजपत्र।
- कामदारको पासपोर्टको प्रतिलिपि।

महाबु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल

## शव ढुवानी

### प्रक्रिया

- बोर्ड सचिवालय, स्थानीय तह वा सूचना तथा परामर्श केन्द्र मध्ये आफूलाई पायक पर्ने कार्यालयमा गई तोकिएको ढाँचामा निवेदन दिने ।
- बोर्ड सचिवालयले श्रम स्वीकृति लिई विदेश गएको कामदारको शव विमानस्थल देखि घरसम्म नि:शुल्क ढुवानी गर्ने ।
- स्थानीय प्रशासन /जन-प्रतिनिधिको रोहबरमा शव आफन्तलाई बुझाउने ।

### आवश्यक कागजातहरु

- निवेदकको नागरिकताको प्रतिलिपि ।
- कामदारको पासपोर्टको प्रतिलिपि ।
- निवेदकको सम्पर्क नम्बर र परिवारको सम्पर्क ठेगाना ।

## आर्थिक सहायता

### प्रक्रिया

- बोर्ड सचिवालय, स्थानीय तह वा सूचना तथा परामर्श केन्द्र मध्ये आफूलाई पायक पर्ने कार्यालयमा गई तोकिएको ढाँचामा निवेदन दिने ।
- आवश्यक कागजात तथा प्राप्त निवेदन तहगत रुपमा चेकजाँच गरि सचिवालयले हकवालाको बैंक खातामा सहायता रकम सिधै जम्मा गर्ने ।

### आवश्यक कागजातहरु

- मृतकको पासपोर्टको प्रतिलिपि ।
- नागरिकताको प्रतिलिपि ।
- दुतावास/अस्पतालको मृत्युको प्रज्ञापनपत्र ।
- मृत्युदर्ताको प्रमाणपत्र र हकवालाको फोटो सहितको किटानी सिफारिस ।
- नेपालमै मृत्यु भएमा सर्जिमिन मुचुल्का ।
- हकवालाको नागरिकता र नाता प्रमाणित ।
- अबिबाहित/सम्बन्ध बिच्छेद भएमा सम्बन्धित निकायबाट प्रमाणित पत्रको प्रतिलिपि ।
- "क" बर्गको बैंकको खाता नम्बर खुल्ने कागजात ।

## बिरामी /अंगभंग भएमा पाईने आर्थिक सहायता

### प्रक्रिया

- स्थानीय तह/ सचिवालय मार्फत कामदारले निवेदन दिनु पर्ने ।
- बाहिरि देखिने रोगको अबस्था अनुसार सचिवालयले सहायता उपलब्ध गराउने ।
- भित्रि रोगको सम्वन्धमा बिशेषज्ञ समितिमा पेश गरि समितिको निर्णय अनुसार सहायता उपलब्ध गराउने ।

### आवश्यक कागजातहरु

- अंगभंग/बिरामीको प्रमाण ।
- कामदारको पासपोर्ट ।
- पासपोर्टमा प्रस्थान/आगमनको छाप भएको पृष्ठ ।
- पछिल्लो पटक चेक गरेको मेडिकल रिपोर्ट ।
- अंगभंग भएको स्पस्ट देखिने रंगिन फोटो ।
- "क" बर्गको बैंकको खाता नम्बर खुल्ने कागजात ।

महाबु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गैडाबाज, दैलेख
कर्णाली प्रदेश, नेपाल

## कामदारका परिवारलाई अल्जाइमर, मृगौला फेल,क्यान्सर,पार्किन्सन,मुटु सम्बन्धि रोग भएमा प्रदान गरिने औषधि उपचार सम्बन्धि सहायता

**प्रक्रिया**

- स्थानीय तह/ सचिवालय मार्फत हकवालाले निवेदन दिनुपर्ने।
- निवेदन चेकजाँच गरि बिशेषज्ञ समितिमा पेश गरि समितिको निर्णय अनुसार सहायता प्रदान गरिने।

**आवश्यक कागजातहरु**

- कामदारको पासपोर्टको प्रतिलिपि।
- बिरामी सदस्यको नागरिकताको प्रतिलिपि।
- स्थानीय तहको सिफारिस।
- नाता प्रामाणित।
- पछिल्लो पटक चेकजाँच गरेको मेडिकल रिपोर्ट।
- पासपोर्टमा प्रस्थान र आगमनमको छापको प्रतिलिपि।
- "क" वर्गको बैंकको खाता नम्बर खुल्ने कागजात।

## छात्रवृति सहायता

**प्रक्रिया**

- सहायता पाउने कामदारका १८ वर्ष मुनि/१२ कक्षा सम्मका छोराछोरीका लागि सचिवालयले हरेक बर्ष सूचनाप्रकासन गर्ने।
- सम्बन्धित बिधार्थिले आफू अध्यनरत बिधालय मार्फत निवेदन दिनु पर्ने।
- बिधालयले सिफारिस सहित स्थानीय तहलाई र स्थानीय तहले बोर्डलाई निवेदन पठाउने।
- प्राप्त निवेदन चेकजाँच गरि बोर्डले एकमुस्ट रकम उपलब्ध गराउने।

**आवश्यक कागजातहरु**

- कामदारको राहदानीको प्रतिलिपि।
- छात्र/छात्रा वा निवेदकको नागरिकताको प्रतिलिपि।
- मृत्युदर्ता/अंगभंग भएको/गम्भीर बिरामी भएको मेडिकल रिपोर्ट।
- नाता प्रामाणित।
- बिधालयको सिफारिस।
- स्थानीय तहको सिफारिस।
- जन्मदर्ताको फोटोकपी।
- चेकको फोटोकपी।

## कामदारको उद्दार/खोजतलास

**प्रक्रिया**

- उद्दारका लागि सम्बन्धित परिवारका सदस्यले पायक पर्ने ठाउँमा गई निवेदन दिने।
- निवेदन प्राप्त भएपछी सचिवालयले सम्बन्धित देशमा रहेको दूतावास/ नियोग सँग पहल गरि उद्दारको पहल गर्ने।

**आवश्यक कागजातहरु**

- पासपोर्टको प्रतिलिपि/पासपोर्ट नम्बर।
- निवेदकको नागरिकता/परिचय खुल्ने कागजको प्रतिलिपि।
- गन्तब्य देशको कम्पनि बारे जानकारी।
- जेलमा रहेमा जेलको नाम र ठेगाना र कामदारको सम्पर्क नम्बर (उपलब्ध भएमा)।

महाबु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गैडाबाज, दैलेख
कर्णाली प्रदेश, नेपाल

## कानुनि प्रतिरक्षा

### प्रक्रिया

- सम्बन्धित कामदार/परिवारले स्थानीय तह/सचिवालय/सम्बन्धित देशमा रहेको नेपाली दूतावासमा निवेदन दिने ।
- सचिवालयले प्राप्त निवेदन आवश्यक कारबाहीको लागि दूतावासमा पठाउने ।
- सम्बन्धित नियोगले राय सहित परराष्ट्र मन्त्रालयलाई पत्राचार गर्ने ।
- प्राप्त राय सहित परराष्ट्र ले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत बोर्डको निर्णय अनुसार १५ लाख सम्म रकम सम्बन्धित नियोगमा पठाउने ।

### आवश्यक कागजातहरु

- कामदारको पासपोर्टको प्रतिलिपि/नम्बर ।
- निवेदकको नागरिकता/परिचय खुल्ने कागजको प्रतिलिपि र सम्पर्क नम्बर ।
- कामदार संग्लग्न कम्पनि र जेलको नाम र ठेगाना ।
- कामदारको सम्पर्क नम्बर (उपलब्ध भएमा) ।
- नाता प्रामाणित ।

## शुल्क सोधभर्ना

### प्रक्रिया

- पूर्व प्रस्थान अभिमुखीकरण तालिम को शुल्क सोधभर्नाको लागि महिला कामदारले बोर्ड/ स्थानीय तह मार्फत निवेदन दिने ।
- प्राप्त निवेदन चेकजाँच गरि बोर्डले नगद रकम सोधभर्ना गर्ने ।

### आवश्यक कागजातहरु

- श्रम स्वीकृति लिएको निस्सा ।
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि ।
- शुल्क तिरेको सक्कल रसिद ।
- पासपोर्टको प्रतिलिपि ।

## टेलिमेडिसिन सेवा

- विदेशमा रहेको बेला कुनै स्वास्थ्य समस्या भएमा वा स्वास्थ्य सम्बन्धि कुनै जानकारी आवश्यक भएमा नि:शुल्क टेलिमेडिसिन सेवा प्राप्त गर्न सकिन्छ ।
- यसको लागि +९७७-९८५१३४५७०१/७०२ नम्बरमा रहेको भाईबर, ईमो तथा whaatsep मार्फत सम्पर्क गर्नु पर्दछ ।

## सहायताको लागि निवेदन दिदा ध्यान दिनुपर्ने कुराहरु

- सहायता प्राप्त गर्न अनिबार्य रुपमा श्रम स्वीकृति लिएर गएको हुनु पर्ने ।
- मृत्यु वा अंगभंग भएको एक वर्ष भित्र निवेदन दिई सक्नु पर्ने ।
- पेश गरिने कागजात हरु अनिबार्य रुपमा आधिकारिक निकाय बाट प्रमाणित भएको हुनु पर्ने ।
- पछिल्लो मेडिकल रिपोर्ट नेपाल सरकार बाट मान्यता प्राप्त स्वास्थ्य सस्थामा चेकजाँच गरेको हुनु पर्ने ।

## थप जानकारीको लागि

रोजगार सेवा केन्द्र (महाबु गाउँपालिका, दैलेख) -९८५८०७५८५५